## सम्क्षिप्त परिचय

स्वर्गद्वारी महाप्रभु बचत तथा ऋण सहकारी संस्था लि. बिशेष गरी प्युठान जिल्लाबाट काठमाडौ आई बसोबास गर्दै आएका नेवा: समुदायका केहि जुझारु युवाहरुको पहलमा आपसी सदभाब, समन्वय र आर्थिक तथा सामाजिक रुपमा एक आपसमा सहयोग बढाउने उद्देश्यका साथ २०६६ सालमा कम्पनि रजिष्टरको कार्यालय, काठमाडौ तथा सहकारी डिभिजन कार्यालय, काठमाडौमा दर्ता गरी संचालन गर्दै चौथो बर्ष पार गरी पाँचौ बर्षमा संचालन भैरहेकोछ | आजको मितिसम्म यस सहकारीले बचत तथा ऋण सहकारीको रुपमा सफलतापूर्वक आर्थिक कारोबार गर्दै आइरहेको छ | २०६५ सालमा १२ जना समुहले अनौपचारिक रुपमा स्थापना गरेको यो सहकारी आजको दिन सम्म आइपुग्दा काठमाडौ र प्यूठानमा बसोबास गर्ने मात्र नभई नेपालको कुना काप्चामा छरिएर रहेका १४५ जना सदस्यशेयर धनीहरु यस सहकारीमा आबद्ध भैसकेकोछ |

अन्तराष्ट्रिय सहकारीका मूल्य, मान्यता र सिद्धान्तहरुका आधारमा सदस्यहरुमा छरिएर रहेको श्रोत र साधनलाई एकिकृत गरि सदस्यहरुको निर्वाचित प्रतिनिधिद्वारा संचालित एवं प्रजातान्त्रिक पद्धतिबाट नियन्त्रित सहकारी संस्थाको माध्यमद्वारा हामी प्रत्येक सदस्यहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक बिकासको लागि एक सहकारी संस्थाको गठन गरी संचालन गर्न आबश्यक भएकोले सहकारी ऐन २०४८ अन्तर्गत स्थापना भएको यस स्वर्गद्वारी महाप्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेड, नेपाल सरकारबाट वित्तीय कारोबार गर्न इजाजत प्राप्त वित्तीय संस्था हो |

सुरुवाती दिनहरुमा सदस्यहरुमा आइपर्ने स-साना दुख: सुखमा सबै सदस्यहरु सामेल भै एक अर्कामा आपसी सदभाब समन्वयको बिकाश गर्ने उद्धेश्य रहेकोमा आजको दिन सम्ममा पनि सो कार्यलाई निरन्तरता दिइ नै रहेकोछ | आजको दिनसम्म आइपुग्न यस सहकारीले छोटो समयमा नै निकै चुनौतीहरुको सामना गरेको छ | प्रत्येक चुनौतीलाई सजिलैसंग पार पाउँदै पछिल्लो चरणमा यस सहकारीको संख्यात्मक रुपमा उल्लेख्य वृद्धि भएको छ | यसै सन्दर्भमा जसरी संख्यात्मक रुपले वृद्धि भैरहेको सहकारीलाई अब गुणात्मक रुपले पनि वृद्धि गर्नु पर्ने देखिन्छ|

नेपालको विभिन्न स्थानमा छरिएर रहेका स-साना बचतकर्ताहरुबाट बचत संकलन गरि निम्न आय भएका सदस्यहरुलाई विभिन्न प्रकारका शीपमूलक एवं आयमुलक तालिम प्रदान गर्न सक्दो सहयोग गरि निजको आय आर्जन र जिबनस्तर वृद्धि गर्न आबश्यक पुंजी, बिना धितो वा सामुहिक जमानीमा ऋण लगानी गरि प्रत्येक सदस्यहरुलाई समाजमा अगाडी ल्याउन प्रयास गर्ने सहकारीको लक्ष्य रहेको छ | सहकारीलाई प्रभाबकारी रुपले अघि बढाउन थप लगानीका क्षेत्रहरुको पहिचान, व्यबस्थापकिय क्षमतामा अभिबृदी गरि सदस्यहरुको श्रम, पुंजी र सीपलाई परिचालन गरि सदस्यहरुको आबश्यकता परिपूर्ति गर्ने सहकारीको लक्ष्य रहेको छ|

यस सहकारीलाई गुणात्मक रुपले वृद्धि गर्ने पहिलो कडीको रुपमा यसै बर्ष देखि काठमाडौँको कोटेश्वरमा आफ्नो मुख्य कार्यालय स्थापना गरेको छ | यस संस्थाले काठमाडौँ तथा प्युठानको खलंगाबाट आफ्नो सदस्यहरुलाई बचत तथा ऋणको सेवा सुबिधाहरु प्रधान गर्दै आइरहेको छ| सहकारीको मूल भावना र मर्म सम्मत रही यस सहकारीमा सदस्यहरुको संख्यामा वृद्धि भै शेयर तथा बचत रकममा वृद्धि भैरहेकोछ| यस सहकारीले आफ्ना सदस्यहरुको व्यक्तिगत आबश्यकता देखि व्यापार ब्यबसाय, सामाजिक कार्य, शैक्षिक आबश्यकता देखि सवारी साधन खरिद गर्न सम्मका आबश्यकतामा आफ्नो हैसियत अनुसारको आर्थिक लगानी पनि गर्दै आएको छ | यसरि गरिएको लगानीबाट राम्रै मुनाफा प्राप्त गर्न सफल पनि भएको छ | यहि प्राप्त मुनाफाबाट स्थापनाकाल देखि नै यस सहकारीले आफ्ना सदस्यहरुलाई लाभांश प्रदान गरि पनि रहेकोछ |

## चौथो बार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट सचिव श्री जगन्नाथ श्रेष्ठज्यूद्वारा प्रस्तुत आ.ब. २०६९/०७० को बार्षिक प्रतिवेदन

अध्यक्ष महोदय, यस सभाका प्रमुख अतिथिज्यू, संचालक समितिका पदाधिकारीज्यू, शेयरधनी सदस्यहरुज्यू, आगन्तुक महानुभावहरु, र सम्पूर्ण उपस्थित सदस्य महानुभावज्यूहरुमा स्वर्गद्धारी महाप्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेडको चौथो बार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण महानुभावहरुलाई संचालक समितिको तर्फवाट र मेरो व्यक्तिगत तर्फवाट हार्दिक स्वागत व्यक्त गर्न चाहन्छु । यस सहकारीको संचालक समितिको तेश्रो आर्थिक वर्षको कार्यकाल मिति २०६९ श्रावण १ गते देखि मिति २०७० असार मसान्तसम्म भए गरेको कार्यको सक्षिप्त विवरण निम्न अनुसार भएको प्रतिवेदन राख्न अनुमति चाहन्छु ।

१. स्वर्गद्धारी महाप्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेड तेश्रो बर्ष पार गरि चौथो वर्षमा प्रवेश गरेको कुरा यहाँहरुमा विदिदै छ ।

२. यस सहकारी संस्थाको विनियमले दिएको अधिकार प्रयोग गरि नियमित रुपमा वस्दै आएको नियमित बैठक प्रत्येक महिनाको पहिलो शनिवारका दिन यस सहकारीको कार्यालय कोटेश्वर-३५, काठमाण्डौमा बस्दै आएको कुरा जानकारी गराउन चाहन्छु । उक्त बैठकमा प्रत्येक शेयरधनी सदस्यबाट मासिक बचत रकम रु १,०००।- र स्वास्थ्य बचत रु १००।- जम्मा गरिदै आएको जानकारी गराउन चाहन्छु ।

३. यस सहकारीका शेयरधनी सदस्यहरुलाई यस सहकारी संस्थाको विनियम, ऋण एवं लगानी नीति, बचत निक्षेप नीति बमोजिम ऋण प्रवाह एवं ऋण असुली लगायतका कामहरु गर्दै आएको बेहोरा जानकारी गराउन चाहन्छु ।

४. २०७० साल असार मसान्तसम्म यस सहकारी संस्थाको शेयरधनी सदस्यता संख्या पुरुष ९९ जना र महिला ४३ जना गरि जम्मा १४२ जना पुगेको जानकारी गराउन चाहन्छु । २०७० साल असार मसान्तसम्म रु १,००,०००।- को शेयर पुऱ्याउने शेयरधनीको संख्या २६ जना रु ७५,०००।- को शेयर पुऱ्याउने शेयरधनीको संख्या १ जना, रु ५०,०००।- को शेयर पुऱ्याउने शेयरधनीको संख्या ६८ जना र रु १,०००।- को शेयर पुऱ्याउने शेयरधनीको संख्या ४७ जना पुगेको वेहोरा जानकारी गराउन चाहन्छु ।

यस सहकारी संस्थाको आम्दानी खर्चको हिसाव किताव सहकारीका कोषाध्यक्ष श्री राजमणि श्रेष्ठज्यूवाट र लेखा उपसमितिको प्रतिबेदन श्रीमती निर्मला कक्षापतिज्यूवाट तपाईहरु समक्ष राख्नु नै हुनेछ ।

अन्तमा यस सहकारीको गठन पछि शेयरधनी सदस्यहरुबाट मासिक रकम बचत गर्न र स्वास्थ्य बचत योजनामा बचन गर्ने बनि बसाल्ने, सहकारी संस्थाको ऐन, विनियम, ऋण एवं लगानी नीति, बचत निक्षेप नीति बमोजिम शेयरधनी सदस्यहरुलाई बचत गर्न लगाउने एवं ऋण कर्जा उपलव्ध गराउने काम भएको गराउदछु । यस संचालक समितिको पहिलो तिन वर्षे कार्यकालको सफलतामा सम्पूर्ण शेयरधनी सदस्यज्यूहरुको सहयोग र सहभागितालाई सहर्ष आत्मसात गर्दै संचालक समितिको तर्फवाट सबै शेयरधनी सदस्यहरुलाई र संचालक समितिका पदाधिकारीहरुलाई सफलताका लागि धन्यवाद दिन चाहन्छु । साथै आजै यस साधारण सभावाट गठन हुने नयाँ संचालक समितिलाई तथा अन्य समितिहरुलाई स्वागत गर्दै नयाँ कार्यसमितिको कार्यकाल सफलता पूर्ण रहोस भन्दै मेरो प्रतिबेदन यहि अत्य गर्न चाहन्छु ।

धन्यवाद ।

मिति : २०७० साल पौष ६ गते शनिवार
स्थान : बज्र वाराही , ललितपुर

.................
जगन्नाथ श्रेष्ठ
सचिव

## सामाजिक कार्य तर्फ:

यो बर्ष सहकारीले सामाजिक कार्यको शुरुवात स्वरूप आफ्ना सदस्यहरुबाट स्वच्छिक रुपमा संकलन गरेको रकम छात्रवृद्धि मुद्दती खातामा राखी त्यसबाट प्राप्त ब्याज प्युठान क्याम्पसमा अध्ययन गर्ने २ जना जेहेन्दार छात्रछात्राहरुलाई रु. ३,०००/- को दरले छात्रवृद्धि प्रदान गरिएको छ | उक्त छात्रवृद्धि कार्यक्रमलाई यो आ.ब. मा पनि निरन्तरता दिने उद्देश्यले रु. ६,०००/- विनियोजित गरिएकोछ | सामाजिक कार्य नै ठानी प्युठान खलंगामा अबस्थित मल्लरानी युनाईटेड बोर्डिंग स्कुलको स्तरउन्नति गर्ने मुख्य उद्देश्यका साथ यो आ.ब. २०६९/७० मा यस सहकारीले रु. पाँच लाख बराबरको शेयर खरिद गरेको छ |

## मौज्दात रकम:

आ.ब. २०६९/७० मा नगद मौज्दात रु. ६२,१४६/- (बैसठ्ठी हजार एक सय छ्यालीस रुपैयाँ मात्र) र बैक मौज्दात रु. १६,१५,४३४/४५ (सोह्र लाख पन्ध्र हजार चार सय चौतिस रुपैयाँ पैतालिस पैसा मात्र) रहेको देखिन्छ |

## शेयर सदस्य:

आ.ब. २०६९/७० सम्म महिला सदस्य ४३ र पुरुष सदस्य ९९ जना गरि जम्मा शेयर सदस्य १४२ भएको जानकारी गराउदछु | आ.ब. २०६९/७० मा २ जना महिला र ३ जना पुरुष सदस्यहरुले आफ्नो शेयर र बचत वापतको रकम फिर्ता लैजानुभएको छ | यो आ.ब. मा गत बर्षको अनुपातमा ३७.८६% ले शेयर सदस्यमा वृद्धि भएको छ |

आ.ब. २०६९/७० सम्म १००० कित्ता (रु. १००,०००/- बराबरको) शेयर खरिद गर्ने सदस्य संख्या २६ जना, ७५० कित्ता (रु. ७५,०००/- बराबरको) शेयर खरिद गर्ने सदस्य संख्या १ जना, ५०० कित्ता (रु. ५०,०००/- बराबरको) शेयर खरिद गर्ने सदस्य संख्या ६७ जना, ३५० कित्ता (रु. ३५,०००/- बराबरको) शेयर खरिद गर्ने सदस्य १ जना, र १० कित्ता (रु. १,०००/- बराबरको) शेयर खरिद गर्ने सदस्य संख्या ४७ जना रहेको छ |

## स्थिर सम्पति:

आ.ब. २०६९/७० मा रु. ३२,६५०/- (बत्तीस हजार छ सय पचास मात्र) रकम बराबरको स्थिर सम्पति खरिद गरिएको छ | गत बर्ष रु. ८९,४२७/- (उनानब्बे हजार चार सय सत्ताइस मात्र) बराबरको स्थिर सम्पत्ति रहेकोमा यो साल सम्पत्तिमा ह्रास कट्टी गरे पछी रु. ९९,७२०/२५ (उनान्सय हजार सात सय बिस र पच्चीस पैसा मात्र) बराबरको स्थिर सम्पत्ति रहेको छ | आ.ब. २०७०/७१ मा सहकारी कार्यालयलाई आबश्यक पर्ने सम्पति खरिद गर्नको लागि रु. ३०,०००/- बजेट विनियोजित गरेको छु |

## तलब र बैठक भत्ता:

आ.ब. २०६९/७० मा कर बाहेक रु. ७०,०००/- (सत्तरी हजार मात्र) तलबको रुपमा संस्थाका कर्मचारीलाई उपलब्ध गरिएको छ, गत साधारण सभाबाट अनुमोदन गरे बमोजिम संस्थाका पदाधिकारीहरुलाई रु. १८,०००/- (अठार हजार मात्र) बैठक भत्ता वितरण गर्नको लागि रकम विनियोजित गरिएको छ | गत साधारण सभाबाट पारित भए अनुसारको बैठक भत्ता आ.ब. २०७०/७१ मा पनि निरन्तरता दिई सहकारीका सम्पूर्ण पदाधिकारीहरुलाई उपलब्ध गराइनेछ |

## नाफा / नोक्सानको स्थिति:

यस सहकारीले आ.ब. २०६९/७० मा सम्पूर्ण कर र ह्रास कट्टी पछि रु. ७,४५,५००/४५ (सात लाख पैतालिस हजार पाँच सय रुपैयाँ पैतालिस पैसा मात्र) मुनाफा हासिल गर्न सकिएको छ | जुन आ.ब. २०६८/६९ को तुलनामा १५.६८% ले बढी हो |

**आम्दानी तर्फ**

| *विवरण* | *२०६८/०६९ को यथार्थ* | *२०६९/०७० को यथार्थ* |
|---|---|---|
| **ऋणबाट प्राप्त ब्याज आम्दानी** | **६,९९,८२९.००** | **१०,१३,८९०.००** |
| व्यक्तिगत कर्जाबाट ब्याज आम्दानी | ५५८,०१९.०० | ५६७,९३९.०० |
| व्यक्तिगत सरल कर्जाबाट ब्याज आम्दानी | ८५,०३०.०० | २०६,६०१.०० |
| ब्यापारिक कर्जाबाट ब्याज आम्दानी | ० | ३७,२६८.०० |
| सामाजिक कर्जाबाट ब्याज आम्दानी | ९,३१३.०० | ३,३५८.०० |
| शैक्षिक कर्जाबाट ब्याज आम्दानी | २,०७२.०० | २,२५३.०० |

## कोषको ब्यबस्था:

यस सहकारीको लगानीमा हुने सम्भावित कर्जा नोक्सानीका लागि सहकारी विभागबाट जारी मापदण्ड २०६८ एवं संस्थाको कर्जा लगानी तथा असुली सम्बन्धि नियमावली बमोजिम सम्पूर्ण कर्जालाई असल कर्जा (भाखा ननाघेको कर्जा), एक वर्ष सम्म भाखा नाघेको कर्जा (शंकास्पद कर्जा) र एक बर्ष भन्दा बढि भाखा नाघेको कर्जा (खराब कर्जा) गरि तिन भागमा बाँडी सो को क्रमश: १%, ३५% र १००% क दरले कर्जा जोखिम कोषको व्यवस्था विविध कारणबस यो आ.ब. मा पनि गर्न सकिएको छैन। आ.ब. २०६९/७० सम्ममा सहकारीले रु. २८,२५१/९४ (अठ्ठाइस हजार दुई सय एकाउन्न र चौरानब्बे पैसा) जगेडा तथा अन्य कोषको व्यवस्था गरेको छ। सहकारीले यो आ.ब. सम्म निम्न अनुसार विभिन्न कोषमा रकम बाँडफांड गरेको छ ।

| कोषको प्रकार | गत आ.ब. सम्मको रकम | यो आ.ब. मा जम्मा गरेको रकम | जम्मा रकम |
|---|---|---|---|
| जगेडा कोष | ५,२०२.६७ | २,४०६.८० | ७,६०९.४७ |
| शेयर लाभंस कोष | २,३४१.२१ | ३,०५३.०० | ५,३९४.२१ |
| संस्था विकास कोष | १,५६०.७९ | ४१६.७४ | १,९७७.५३ |
| सदस्य शिक्षा कोष | १,५६०.७९ | ६२५.११ | २,१८५.९० |
| अन्य कोष | १,५६०.७९ | ४१६.७४ | १,९७७.५३ |
| कर्मचारी बोनस कोष | १,५६०.८० | ४१६.७४ | १,९७७.५४ |
| सुरक्षित पुंजी फिर्ता कोष | ३,९०२.०१ | १,०४१.८५ | ४,९४३.८६ |
| डुबन्ते ऋण कोष | १,५६०.७९ | ६२५.११ | २,१८५.९० |
| जम्मा रकम | १९,२४९.८४ | ९००२.०९ | २८,२५१.९४ |

## लक्ष्य तथा प्रस्तावित कार्यक्रमहरु:

आदरणीय शेयर सदस्यजज्यूहरु देशको प्रतिकुल परिस्थितिको बाबजुद गत बर्षको निर्धारित बजेटको लक्ष्य अनुसार चुक्ता पुंजी बाट संकलित रकम गत वर्ष अनुमान रु. ४६,००,०००/- (रु. छयालीस लाख मात्र) रहेकोमा वास्तविक रु. ६१,०७,०००/- (रु. एकसट्ठी लाख सात हजार मात्र) रकम रहेको छ। जुन लक्ष्य भन्दा ४०.७१% ले बढी हो। यसरी शेयर तर्फ उल्लेख्य प्रगति हुन गएकोमा यहाँहरुको विश्वास तथा सहयोगप्रति हार्दिक आभार ब्यक्त गर्दछौ साथै आगामी बर्षको निर्धारित लक्ष्य हासिल गर्न यहाँहरुको सहयोग र सल्लाहको अपेक्षा गरेका छौ।

**शेयर पुंजी:** आ.ब. २०७०/७१ मा रु. ३८,९३,०००/- (रु. अर्तिस लाख तिरनाब्बे हजार मात्र) थप गरि जम्मा रु. १००,००,०००/- (रु. एक करोड मात्र) पुर्याउने लक्ष्य लिईएको छ। यो आ.ब. मा थप रु. ३८,९३,०००/- को शेयर बिक्रि गर्ने संचालक समितिको निर्णय बमोजिम समितिको अनुमति लिई म यसै सभाबाट रु. १०० दरको ३८,९३० कित्ता शेयर बिक्रि खुल्ला गरिएको जानकारी गराउन चाहन्छु। म यसै सभाबाट आम जनसमुदायमा मौकाको फाइदा उठाई रु. १,०००/- वा रु. ५०,०००/- वा रु. ७५,०००/- वा रु. १००,०००/- बराबरको शेयर खरिदको लागि निबेदन आह्वान गर्दछु। प्राप्त खरिद निबेदनहरुको जम्मा रकम बिक्रि खुल्ला गरेको रकम भन्दा बढी भएमा संचालक समितिको निर्णय अनुसार शेयर बिक्रि गरिनेछ।

**निक्षेप :** आ.ब. २०७०/७१ मा रु. २४,१२,३२१/- (रु. चौबिस लाख बाह्र हजार तिन सय चौध मात्र) वृद्धि गरि जम्मा रु. ६७,५७,५३०/- (रु. सरसट्ठी लाख सन्ताउन्न हजार पाँच सय तिस मात्र) पुर्याउने लक्ष्य लिईएको छ।

**कर्जा:** आ.ब. २०७०/७१ मा रु. ३६,५०,०००/- (रु. छत्तीस लाख पचार हजार मात्र) थप लगानी गरि जम्मा रु. ११९,७०,०००/- (रु. एक करोड उन्निस लाख सत्तरी हजार मात्र) पुर्याउने लक्ष्य लिईएको छ।

**घर जग्गा:** आ.ब. २०६८/६९ मा यस सहकारीले आफ्नै एउटा घर खरिद गर्ने भनी प्रयास गरेकोमा घर जग्गा खरिद गर्न हामी सफल हुन नसकेकै हो। संचालक समितिले यो आ.ब. मा कम्तिमा पनि एउटा घडेरी सहकारीको लागि खरिद गर्ने लक्ष्य लिएको छ।

**नाफा/नोक्सानको स्थिति:** आ.ब. २०७०/७१ मा जम्मा आम्दानी र जम्मा खर्चको आधारमा रु. ९,७१,७२२/- (रु. नौ लाख एकहत्तर हजार सात सय बाइस मात्र) जम्मा मुनाफा हुने अनुमान गरिएको छ।

c. यो बचतमा संस्थाले १०% बार्षिक ब्याज दिनेछ |

१) ऋण एवं लगानी नीतिहरुको केहि बुंदाहरुमा हेरफेरको प्रस्ताब अनुमोदनको लागि सभा समक्ष पेश गरेका छौ:

***औषधि उपचार कर्जा:*** सहकारीको ऋण एवं लगानी नीतिको दफा (क) को

उपदफा (ग) यस्तो ऋण ६ महिनाको लागि निर्ब्याजी रुपमा दिइनेछ | कार्यसमितिले उचित ठानेमा उक्त ऋणको भुक्तानी अवधि थप ६ महिनासम्म बढाउन सक्नेछ |

उपदफा (घ) कार्यसमितिले उचित ठानेमा अधिकतम रु. १००,०००/- सम्म औषधि उपचार कर्जा दिन सक्नेछ |

***सामाजिक कर्जा:*** सहकारीको ऋण एवं लगानी नीतिको दफा (ख) को

उपदफा (ग) यस्तो ऋणको ब्याज ९% हुनेछ | सेवा शुल्क १% हुनेछ |

***शैक्षिक कर्जा:*** सहकारीको ऋण एवं लगानी नीतिको दफा (ग) को

उपदफा (ग) यस्तो ऋण बढीमा रु. २००,०००/- सम्म प्रदान गरिनेछ |

उपदफा (घ( यस्तो ऋणको व्याज दर ९ %१प्रतिशत हुनेछ । सेवा शुल्क प्रत्येक वर्ष %प्रतिशत हुने छ ।

***व्यक्तिगत कर्जा:*** सहकारीको ऋण एवं लगानी नीतिको दफा (घ) को

उपदफा (ख) यस्तो ऋणको ब्याज दर, समय अबधि, र सेवा शुल्कको हकमा निम्न बमोजिम हुनेछ;

# सदस्यको १००% बचत (मासिक र साधारण) र शेयर रकममा दिने ऋणमा ९% ब्याज, अबधि २ वर्ष, सेवा शुल्क १% लाग्नेछ |

# सदस्यको ५०% बचत (मासिक र साधारण) र शेयर रकममा संस्थाले ५०% सम्म थप गरि दिने ऋणमा ११% ब्याज, अबधि १ वर्ष, सेवा शुल्क १% लाग्नेछ |

# सदस्यको ५०% बचत (मासिक र साधारण) र शेयर रकममा संस्थाले ५०% सम्म थप गरि दिने ऋणमा १२% ब्याज, अबधि २ वर्ष, सेवा शुल्क २% लाग्नेछ |

उपदफा (घ) यस्तो ऋण सदस्यको ५०% बचत (मासिक र साधारण) तथा शेयर रकममा संस्थाले ५०% थप हुने गरि लगानी गर्न सक्नेछ |

***सरल कर्जा:*** सहकारीको ऋण एवं लगानी नीतिको दफा (ङ) को

उपदफा (क) यस्तो ऋण संस्थाको ऋण समितिले उचित ठहर्याएको कुनै सदस्यले व्यक्तिगत सरल ऋण कर्जा लिन चाहेमा एक जना शेयरधनि सदस्यको धन जमानीमा यस्तो ऋण प्रदान गरिनेछ | यस्तो ऋण सदस्य र धन जमानी दिने सदस्यको ४०% बचत (मासिक, मुद्दती र साधारण) तथा शेयर रकममा संस्थाले ६०% थप हुने गरि लगानी गर्न सक्नेछ |

उपदफा (ख) यस्तो ऋणको ब्याज दर १४% हुनेछ | सेवा शुल्कको हकमा १ बर्षको ऋणमा १% र २ बर्षको लागि लैजाने ऋणमा २% लाग्नेछ |

***ब्यापारिक ऋण:*** सहकारीको ऋण एवं लगानी नीतिको दफा (च) को

उपदफा (ख) यस्तो ऋणको ब्याज दर धन जमानी राखी ऋण लिनेको हकमा बार्षिक १५% तथा अचल सम्पत्ति धितो राखी ऋण लिनेको हकमा बार्षिक १४% हुनेछ | सेवा शुल्क २% लाग्नेछ |

उपदफा (ग) यस्तो ऋणमा संस्थाले ब्यबसायको वा प्रोजेक्टमा भएको लगानीको ६०% सम्म मात्र लगानी गर्नेछ |

उपदफा (ज) यस्तो ऋण अचल सम्पत्ति धितो राख्दा बढीमा रु. ८००,०००/- सम्म प्रदान गर्न सकिनेछ, धन जमानीको हकमा यस्तो ऋण सदस्य र धन जमानी दिने सदस्यको ४०% बचत (मासिक, मुद्दती र साधारण) तथा शेयर रकममा संस्थाले ६०% थप ४ वर्ष भित्र सावाब्याज चुक्ता भै सक्ने गरि लगानी गर्न सकिनेछ | पुरानो ब्यबसायको हकमा ऋण लगेको महिना देखि तथा नयाँ ब्यबसाय शुरु गर्नेको हकमा ऋण लगेको ६ महिना पछी मासिक किस्ताबन्दीको रुपमा भुक्तानी शुरु गर्नु पर्नेछ |

उपदफा (झ) यस्तो ऋण बढीमा २ जना शेयरधनि सदस्यहरुलाई जमानी राखी वा अचल सम्पत्ति धितो राखी मात्र उपलब्ध गरीनेछ |

***साना ब्यबसाय ऋण:*** सहकारीको ऋण एवं लगानी नीतिको दफा (छ) को

उपदफा (ख) यस्तो ऋणको ब्याज दर बार्षिक १८% हुनेछ | सेवा शुल्क १% लाग्नेछ |

घ. ९४ दिन पछी ब्याज बुझाएमा - ४% शुल्क दैनिक ऋण रकममा

**(क) मासिक किस्ता (EMI) ढिलो बुझाएमा (व्यक्तिगत सरल , ब्यापारिक, हायर पर्चेज, साना ब्यबसाय, घरजग्गा ऋण कर्जामा)**

क. ऋण लगेको दिन देखि ३२ दिन भित्र EMI बुझाएमा - x

ख. ३३ दिन देखि ६३ दिन भित्र EMI बुझाएमा - १.५% शुल्क दैनिकमा (ऋण रकम + ब्याज रकममा)

ग. ६४ दिन देखि ९३ दिन भित्र EMI बुझाएमा - ३.०% शुल्क दैनिकमा (ऋण रकम + ब्याज रकममा)

घ. ९४ दिन पछी EMI बुझाएमा - ६.०% शुल्क दैनिकमा (ऋण रकम + ब्याज रकममा)

(ख)**ऋण अबधि पुरा भएर पनि ऋणको रकम ढिलो बुझाएमा**

क. ऋण लागेको दिन देखि ३६५ दिन सम्म ऋण रकम बुझाएमा - x

ख. ३६५ दिन पछी ऋण रकम बुझाएमा - १२% शुल्क दैनिकमा (ऋण रकम + ब्याज रकममा)

प्रस्तावित कार्यक्रम, बजेट तथा आर्थिक प्रगति प्रतिबेदन आबश्यक सुझाब सहित पारित गरिदिनुहुनका साथै यस सहकारी संस्थाको प्रगतिको लागि यहाँहरुको अमूल्य एवं सक्रिय सुझाव र सहयोगको अपेक्षा गर्दै आपनो प्रतिबेदन यहि अन्त्य गर्न चाहन्छु |

जय सहकारी

................
राजमणि श्रेष्ठ
कोषाध्यक्ष

## स्वर्गद्वारी महाप्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेड

### पर्ल्सको अनुपात बिश्लेषण आ.ब. २०६९/०७०

| क्षेत्र | वित्तीय अनुपात (PEARLS Ratios) | | मापदण्ड | २०७० असार मसान्त | |
|---|---|---|---|---|---|
| | | | | रकम | प्रतिसत |
| Protection | P1 | एक वर्ष भन्दा बढी भाखा नाघेको | १००% | - | |
| | P2 | एक बर्ष भन्दा कम भाखा नाघेको | ३५% | ० | |
| | P3 | भाखा ननाघेको | १% | ० | |
| Effective Financial Structure | E1 | उठ्न बाँकि ऋण / कुल सम्पत्ति | ७०% - ८०% | ८३,२०,४३३.०० | ७६.६९% |
| | E5 | निक्षेप हिसाब / कुल सम्पत्ति | ७०% - ८०% | ३९,४५,२०९.३३ | ३६.२७% |
| | E6 | बाहय ऋण / कुल सम्पत्ति | ०% | - | - |
| | E7 | शेयर पुँजी / कुल सम्पत्ति | १०% - २०% | ६१,०७,०००.०० | ५६.२९% |
| | E8 | संस्थागत पुँजी / कुल सम्पत्ति | १०% भन्दा बढी | - | - |
| Assets Quality | A1 | कुल भाखा नाघेको कर्जा | ५% भन्दा कम | २००,०००.०० | १.८४% |
| | A5 | आर्जन नगर्ने सम्पत्ति / कुल सम्पत्ति | ५% भन्दा कम | ९९,४७४.०० | ०.९३% |
| | A6 | संस्थागत पुँजी / आर्जन नगर्ने सम्पत्ति | >=१००% | - | - |
| Rate of Return | R6 | ब्याज तथा लाभांस / औसत पुँजी | ३% - ५% | १०,०८,१५५.०९ | ९.४२% |
| | R8 | संचालन लागत / औसत सम्पत्ति | <५% | ३,२१,१८४.३१ | ३.२२% |
| Liquidity | L1 | खुद कार्यशील पुँजी / कुल निक्षेप | १५% भन्दा कम | | |
| | L3 | तरलता / निक्षेप | १०% - २०% | १६,७७,५८०.४५ | १५.५६% |
| Sign of Growth | S1 | कुल कर्जा लगानीमा वृद्धि | S11 भन्दा बढी | ८३,२०,४३३.०० | २२.३०% |
| | S5 | कुल निक्षेपमा वृद्धि | S11 भन्दा बढी | ३९,४५,२०९.३३ | ३०.९७% |
| | S6 | सदस्य संख्यामा वृद्धि | १०% भन्दा बढी | १४२ जना | ३७.८६% |
| | S11 | कुल सम्पत्तिमा वृद्धि | १०% भन्दा बढी | १०८,४९,०७४.०७ | ३४.७२% |

**आर्थिक बर्ष २०६९/०७० (२०६९ श्रावन १ - २०७० असार ३१)**

## प्रमुख लेखा नीति तथा लेखा सम्बन्धि टिप्पणीहरु

हामीले स्वर्गद्वारी महाप्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेडको आ.ब. २०६९/०७० को २०७० असार मसान्तको स्थितिको वासलात र सो मितिमा समाप्त भएको आर्थिक बर्षको आय व्यय हिसाब तथा नगद प्रवाह विवरणको लेखा परिक्षण गरेका छौ | बित्तिय बिबरणहरु प्रतिको उत्तरदायित्व सहकारीको ब्यबस्थापनमा रहेको छ | ति बित्तिय विवरणहरु उपर लेखा परिक्षणको आधारमा आफ्नो मन्तब्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो |

१. संलग्न वासलात, आय-व्यय र नगद प्रवाह विवरण ऐतिहासिक लागतको आधार, लेखको सर्बमान्य सिद्धान्त, सहकारी ऐन तथा नियमावली अनुरुप तयार गरिएका छन् | संस्थाको बित्तिय विवरणहरु अन्यथा लेखिएको बाहेक Accrual अबधारणामा तयार पारिएको छ |
२. हामीले लेखा परिक्षणको सिलसिलामा आबश्यक ठानेर सोधेका कुराहरुको जवाफ, सूचना तथा स्पष्टीकरणहरु यथासिघ्र पायौ |
३. संलग्न वासलात, आय-व्यय र नगद प्रवाहको विवरणहरु संस्थाले कम्प्युटरमा राखेको हिसाब किताबसँग दुरुस्त छ|
४. कर्जा सपतिमा प्राप्त हुने ब्याज सहकारी विभागको निर्देशिका अनुसार नगद प्राप्तिको आधारमा लेखांकन गरिएको छ | सोहि निर्देशिकाकै आधारमा आषाढ मसान्तसम्म पाकेको ए सोहि अवधि भित्र संकलन भएको ब्याजलाई सोहि बर्षकै ब्याज आम्दानीको रुपमा जनाइएको छ |
५. बचत निक्षेपको ब्याज ३६५ दिनको १ बर्ष मानी गणना गरिएकोछ | निक्षेप बचतको प्रकार हेरी त्रैमासिक र अर्धबार्षिक रुपमा ब्याज दिने गरिएको छ | ब्याज मा लाग्ने अग्रिम आयकर ऐन नियम अनुरुप नै काट्ने गरिएको छ |
६. संस्थाले सदस्यले माग गरे बमोजिम व्यक्तिगत र सामुहिक जमानीमा ऋण प्रवाह गर्ने नीति अपनाएको छ |
७. संस्थाले लगानी भएको असुल हुन बाँकि भएका असल ऋण भाखा ननाघेको ऋण परिचालन नीति बमोजिम कर्जाको जोखिम व्यवस्था गरेको देखिन्छ |
८. संस्थाले यस आ.ब. सम्म सहकारी बिभागले जारी गरिएको निर्देशिका अनुसार कर्जा नोक्सानी व्यवस्था कोषमा रकम छुट्याउन सकेको छैन |
९. संस्थाले नेपालको आयकर ऐन २०५८ अनुसार आयकर ब्यबस्थामा आयकर २०% को व्यवस्था गरि बाँकि हुने खुद मुनाफा बिनिमय अनुसार २५% जगेडा कोषमा राखी बाँकि रहेको रकमलाई सतप्रतिसत मानी संस्थाको स्वीकृत बिनिमय बमोजिम बांडफांड गरि सम्बन्धित कोषहरुमा रकमान्तर गरिएको छ |
१०. आयकर ऐन २०५८ बमोजिम अग्रिमकर कटटि गर्नुपर्ने भुक्तानीहरुको सम्बन्धमा निम्न व्यहोरा पेश गरेको छ |
    - घर बहाल रकम भुक्तानी गर्दा १०% बहालकर कटटि गरि दाखिला गरेको छ |
    - निक्षेप गरिएको विभिन्न बचत तथा मुद्दती खातामा दिइने ब्याजमा ५% ले अग्रिमकर कटटि गरि दाखिला गरेको छ|
    - कर्मचारीहरुको पारिश्रमिकमा १% ले हुन आउने रकम सामाजिक सुरक्षा कर कटटि गरि दाखिला गरेको छ |
११. हामीले जाने बुझेसम्म तथा हामीलाई उपलब्ध गरिएको सूचना एवं स्पस्टिकरणको आधारमा संलग्न वासलाताले २०६९ साल आषाढ ३१ गतेको आर्थिक अवस्था, आय व्यय विवरण र नगद प्रवाह विवरणले सोही मितिमा समाप्त भएको आर्थिक बर्षको क्रमश: संचालन नतिजा र नगद प्रवाहको यथार्थ स्थिति चित्रण गर्दछ |

पुष्पराज भट्टराई
नि.पि.आर. भट्टराई एण्ड एसोसियट्स
रजिष्टर्ड अडिटर्स

## बचत निक्षेप सम्बन्धी व्यवस्था

**संस्थाको सदस्य हुनुपर्ने** : संस्थामा खाता खोलि बचत निक्षेप जम्मा गर्न संस्थाको सदस्यता प्राप्त गरेको हुनु पर्नेछ | सदस्यले संस्थामा खाता खोलि यस नीतिमा तोकिए बमोजिमको बचत निक्षेप रकम जम्मा गर्न सक्नेछ | खाता खोल्न निवेदन फारामका साथमा दस्तखत नमुना कार्ड र जम्मा गर्ने रकम समेत साथै बुझाउनु पर्नेछ |

***बचत निक्षेपको प्रकार:***

1) संस्थामा बचत निक्षेप जम्मा गर्नका लागि निम्न बमोजिमका खाता खोल्न सकिने:-

**a) अनिवार्य एवं नियमित बचत खाता;**

(१) यस खातामा प्रत्येक सदस्यले मासिक रु. १००० (रु. एक हजार) नियमित रुपमा अनिवार्य जम्मा गर्नु पर्नेछ|

(२) सदस्यले यस खातामा जम्मा गर्न पर्ने मासिक रकम सोहि महिनाको मसान्त भित्र जम्मा गरि सक्नु पर्नेछ|

(३) यस खातामा जम्मा गर्न पर्ने मासिक रकम महिनाको मसान्त भित्र जम्मा नगरेमा समितिले तोके बमोजिमको विलम्ब शुल्क समेत जम्मा गर्न पर्नेछ |

(४) अघिल्लो महिनाको बचत रकम जम्मा नगरी त्यस पछिका महिनाहरुको बचत रकम जम्मा गर्न पाइने छैन|

(५) सदस्यले आफुले यस खातामा जम्मा गरेको रकम झिक्न चाहेमा न्युनतम मासिक बचत रकमको एक बर्षको बचत रकम खातामा राखी बाँकि रहेको रकम संस्थामा निवेदन दिई झिक्न पाउनेछ | तर धन जमानी बसेको अवस्था भए यस खातामा जम्मा रहेको रकम मध्ये जमानी रहेको रकम झिक्न पाईनेछैन| सदस्यले यस खाताबाट झिकेको रकम पुनः जम्मा गर्न चाहेमा जुन सुकै बेला पनि जम्मा गर्नसक्नेछ |

(६) सदस्यले यस खातामा जम्मा गर्न पर्ने मासिक बचत रकम एकमुष्ट जम्मा गर्न चाहेमा एक बर्षसम्मको हुन आउने रकम एकमुष्ट जम्मा गर्न पाउनेछ | यसरि एकमुष्ट रकम जम्मा गर्न चाहने सदस्यलाई एक बर्षको एकमुष्ट जम्मा गर्दा रु. ५०० (रु. पाँचसय) तथा ६ महिनाको एकमुष्ट जम्मा गर्दा रु. २०० (रु. दुईसय) छुट प्रदान गरिनेछ|

(७) यस खातामा जम्मा भएको रकमको बार्षिक ३६५ दिनको आधारमा समितिले निर्णय गरि साधारणसभाबाट स्वीकृत भएको दरले ब्याज प्रदान गरिनेछ|

(८) सदस्यले यस खातामा जम्मा रहेको रकम धन जमानी राखी ऋण नीतिको अधिनमा रही ऋण लिन पाउनेछ|

(९) सदस्यले अन्य सदस्यका लागि धन जमानी बसेको अबस्थामा वा आफैले यस खाताको रकम धन जमानीमा राखी ऋण लिएको अबस्थामा समेत खातामा जम्मा रहेको रकमको ब्याज प्राप्त गर्नेछ|

(१०) यस खाताबाट प्राप्त हुने ब्याज रकमलाई प्रत्येक बर्षको पौष मसान्त र असर मसान्तमा पुँजीकरण गरिनेछ|

**b) साधारण बचत खाता;**

(१) यस खातामा सदस्यले स्वच्छा र सुबिधा अनुसार कम्तिमा रु. ५०० (रु. पाँचसय) वा सो भन्दा बढी रकम जम्मा गर्नसक्नेछ|

(२) यस खातामा जम्मा गरेको रकमको ब्याज समितिले निर्धारण गरि साधारणसभाबाट स्वीकृत भए अनुसार प्रदान गरिनेछ| ब्याज प्रदान गर्दा रकम जम्मा गरि खाता खोलेको दिन देखि नै गणना गरि बार्षिक ३६५ दिनको हिसाबमा ब्याज प्रदान गरिनेछ|

(३) सदस्यले आफुले यस खातामा जम्मा गरेको रकम न्युनतम रु. १०० (रु. एकसय) बाँकी राखी अन्य रकम प्रति दिन रु. ५०,०००/- (रु. पचास हजार) मा नबढाई जुन सुकै बेला पनि झिक्न पाउनेछ | रु. ५०,०००/- भन्दा बढी झिक्न परेमा संस्थालाई पुर्व लिखित सूचना गर्न पर्नेछ| यस्तो सूचना प्राप्त नभएको हकमा एकै दिनमा रु. ५०,०००/- भन्दा बढी भुक्तानी गर्न संस्था बाध्य हुने छैन | यस खाताबाट रकम झिक्नाका लागि संस्थाले काउन्टर चेक उपलब्ध गराउनेछ |

(४) यस खाताबाट प्राप्त हुने ब्याज रकम प्रत्येक वर्ष पौष मसान्त र असार मसान्तमा निजको यसै बचत खातामा जम्मा गरिनेछ|

(५) संस्थाको आबश्यकता अनुसार बचत रकम स्वीकार गर्ने वा नगर्ने भन्ने अधिकार संस्थामा सुरक्षित रहनेछ|

**c) आबधिक बचत खाता;**

(१) यस खातामा सदस्यले स्वच्छाले कम्तिमा रु. २५,०००/- (रु. पच्चीस हजार) वा सो अंकले भाग जाने संस्थाले स्वीकार गरेसम्मको रकम कम्तिमा एक बर्षको अवधिका लागि जम्मा गर्न सक्नेछ | यस्तो खातामा जम्मा रहेको रकमका लागि सदस्यलाई संस्थाले मुद्दती रसिदको ढाँचामा निस्सा प्रदान गर्नेछ | खाताको अबधि समाप्त भै रकम फिर्ता लिन वा खाताको आधारमा ऋण लिन यस्तो निस्सा संस्थामा बुझाउनु पर्नेछ|

(२) यस खातामा जम्मा गरेको रकमको ब्याज समितिले निर्धारण गरि साधारणसभाले स्वीकृत गरे अनुसार प्रदान गरिनेछ| ब्याज प्रदान गर्दा रकम जम्मा गरि खाता खोलेको दिन देखि नै गणना गरि बार्षिक ३६५ दिनको हिसाबमा प्रदान गरिनेछ|

(३) यस्तो खाता खोल्न सदस्यले अनिवार्य रुपमा साधारण बचत खाता खोलेको हुनु पर्नेछ|

## ऋण एवं लगानी नीति, २०६८ को दफा ५ लाई परिभाषित गर्न बनेको उपनियम

**उद्देश्य: संस्थाले सदस्यलाई निम्न लिखित उद्देश्यका लागि समितिले तोकेको शर्त बमोजिम हुने गरी ऋण प्रदान गर्न सक्ने छ:–**

**(क) औषधि उपचार ऋण :**

क) यो ऋण सदस्यलाई आफै वा सदस्यको एकाघरका आमा वा बुबा वा छोरा वा छोरी वा भाइ वा बहिनी वा आफैले लालन पालन गर्न पर्ने परिवारका कुनै सदस्य विरामी परी औष्धि उपचारका लागि खर्च आवश्यक परेका वेला लिन सकिनेछ।

ख) यसका लागि विरामी परी कुनै अस्पतालमा उपचार गराएको प्रमाण तथा औषधि खरिदको विल समेत प्रमाणका लागि पेश गर्नु पर्नेछ।

ग) यस्तो ऋण ६ महिनाको लागि निर्ब्याजी रुपमा दिइनेछ | कार्यसमितिले उचित ठानेमा उक्त ऋणको भुक्तानी अवधि थप ६ महिनासम्म बढाउन सक्नेछ |

घ) यस्तो ऋण कार्यसमितिले उचित ठानेमा अधिकतम रु. १००,०००।– सम्म औषधि उपचार कर्जा प्रदान गर्न सकिनेछ।

ङ) यस्तो ऋणको भुक्तानी अवधि बढीमा एक वर्षसम्मको हुनेछ।

च) यो ऋण यस संस्थाका सदस्यको परिवारको एक जना सदस्यका लागी मात्र प्रदान गरिनेछ।

**(ख) सामाजिक ऋण :**

क) यो ऋण सदस्यलाई एकाघरमा हुने विवाह वा ब्रतबन्ध वा समितिले उचित ठह¥याएको सामाजिक कार्यका लागि प्रदान गरिने छ।

ख) यस्तो ऋण बढीमा रु ५०,०००।– सम्म प्रदान गरिनेछ।

ग) यस्तो ऋणको व्याज दर ९% प्रतिशत हुनेछ। सेवा शुल्क १% प्रतिशत हुने छ।

घ) यो ऋणको भाखा वढीमा १ वर्षसम्मको हुनेछ।

ङ) यस्तो ऋण संस्थामा ५०० भन्दा बढी शेयर कायम रहेका सदस्यका हकमा विना धितो प्रदान गर्न सकिने छ। अन्यका हकमा धन जमानी वा धितो जमानी राख्न पर्नेछ।

च) यो ऋण यस संस्थाका सदस्यको परिवारको एक पटकमा एक जना सदस्यका लागी मात्र प्रदान गरिनेछ।

**(ग) शैक्षिक ऋण :**

क) यो ऋण सदस्यहलाई आफै वा जिनको श्रीमती वा निजको छोरा वा छोरीलाई कुनै शैक्षिक योग्यता हासिल हुने अध्ययनका लागि आवश्यक पर्ने रकममा नबढने गरी प्रदान गरिनेछ।

ख) यस्तो ऋण प्राप्त गर्न सम्वन्धित शैक्षिक संस्थामा भर्ना भएको, अध्ययन लागि लाग्ने खर्चको प्रमाणित विवरण पेश गर्नु पर्नेछ।

ग) यस्तो ऋण बढीमा रु २,००,०००।– सम्म प्रदान गरिनेछ।

घ) यस्तो ऋणको व्याज दर ९% प्रतिशत हुनेछ। सेवा शुल्क प्रत्येक वर्ष १% प्रतिशत हुने छ।

ङ) यो ऋणको भाखा वढीमा २ वर्षसम्मको हुनेछ।

च) यस्तो ऋण मासिक/त्रैमिसक रुपमा किस्ता वन्दी रुपमा सदस्यहरुले भुक्तानी गर्नु पर्नेछ।

छ) यो ऋणको भुक्तानी तालिका समितीले निर्धारण गरि दिए वमोजिम हुनेछ।

ज) यस्तो ऋण संस्थामा ५०० भन्दा बढी शेयर कायम रहेका सदस्यका हकमा विना धितो प्रदान गर्न सकिने छ। अन्यका हकमा धन जमानी वा धितो जमानी राख्न पर्नेछ।

झ) यो ऋण यस संस्थाका सदस्यको परिवारको एक जना सदस्यका लागी मात्र प्रदान गरिनेछ।

**(घ) व्यक्तिगत ऋण :**

क) यस्तो ऋण सदस्यको अनिवार्य बचत खातामा जम्मा रहेको तथा संस्थाको निजको नाममा रहेको शेयरको रकमले हुने कूल रकमको अनुपातमा विना जमानीमा प्रदान गर्न सकिनेछ।

ख) यस्तो ऋणको व्याज दर, समय अबधि र सेवा शुल्कको हकमा निम्न बमोजिम हुनेछ।

# सदस्यको १००% बचत (मासिक र साधारण) र शेयर रकममा दिने ऋणमा ९%, अबधि २ वर्ष, सेवा शुल्क १% लाग्नेछ|

# सदस्यको ५०% बचत (मासिक र साधारण) र शेयर रकममा संस्थाले ५०% सम्म थापा गरि दिने ऋणमा ११% अबधि १ वर्ष, सेवा शुल्क १% लाग्नेछ|

ञ) यस्तो ऋण यस संस्थाको सदस्यता लिएको १ महिना पछि मात्र उपलब्ध गराईनेछ।

**(ङ) हायर पर्चेज ऋण :**

क) यो ऋण सदस्यलाई आफैले प्रयोग गर्ने मोटर साईकल, कार, जिप, वा भाडामा संचालन गर्ने टयाक्सी, म्यान, टेम्पो, माईक्रोवस, वस, ट्रक जस्ता सवारी सधान एवं टेलिभिनज, फ्रिज, वासिंग सेसिन, कम्प्यूटर आदी जस्ता इलोक्ट्रोनिक्स उपकरण खरीदका लागि प्रदान गर्न सकिनेछ।

ख) सवारी साधनहरुको हकमा प्रचलित कानून अनुसार गर्न पर्ने सवै प्रकारका वीमाहरु अनिवार्य रुपमा गराएको हुर्नेछ।

ग) यो ऋणको ब्याज - मोटरसाइकल/स्कुटर/मोपेट को हकमा वार्षिक १६%, - निजि चार पांग्रे सवारीसाधनको हकमा बार्षिक १२%, र भाडाका चार पांग्रे सवारीसाधनको हकमा बार्षिक १४% का दरले लाग्नेछ। सेवा शुल्क २% का दरले लाग्नेछ।

घ) यो ऋण लिदा सवारी साधनको हकमा ऋण चुक्ता नभएसम्म संस्था नै सवारी धनी कायम रहने गरी मात्र प्रदान गरिनेछ। अन्य सामानका लागि धन जमानी वा जेथा जमानी राख्न पर्नेछ।

ङ) यो ऋण नयाँ सामानको हकमा सामानको कुल परल मूल्यको वढीमा ७०% प्रतिशतसम्म मात्र प्रदान गरिनेछ बाँकी रकम संस्थामा नगदै बुझाउनु पर्नेछ।

च) एक पटक प्रयोग भै सकेको सवारी साधन खरीदका लागि यो ऋण हालको कूल लागत मूल्यको वढीमा ६० प्रतिशतसम्म मात्र गरिनेछ र सवारी साधन वनेको सालले ४ वर्ष भन्दा पुरानो सवारी साधनका लागि यस्तो ऋण प्रदान गरिने छैन।

छ) पुरानो सवारी साधनमा ऋण लगानी गर्दा शुरुमा शोरुमवाट खरीद गरेको मूल्यमा वार्षिक १५ प्रतिशत ह्रास कट्टी गरेर हुन आउने मूल्यलाई मात्र कूल लागत मूल्य कायम गरिनेछ।

ज) यो ऋणको भूक्तानी अवधि मोटरसाइकल/स्कुटर/मोपेट को लागि दुई वर्ष छ महिनासम्म तथा अन्य चार पांग्रे सवारीसाधनक हकमा लागि वढीमा ५ वर्षसम्मको हुनेछ।

झ) यो ऋणको साँवा व्याज समितिले तोकी दिएको मासिक किस्तावन्दीका रुपमा नियमित रुपमा वुझाउदै जानु पर्नेछ। तीन किस्ता भन्दा वढी नियमित किस्ता नवुझाउने ऋणीले प्रयोग गरेको सामान संस्थाले आफ्नो कव्जामा लिन सक्नेछ। यसरी कव्जामा राखिएको सामानको नियमित बाँकी किस्ता तथा आगामी एक महिनाको साँवा व्याज किस्ता समेत बुझाई सामान फिर्ता लिन नआएमा यसरी कव्जामा राखेको १५ दिन पछि संस्थाले सामान लिलामीको प्रकृया प्रारम्भ गर्न सक्नेछ।

ञ) सामानको लिलामीवाट ऋण चुक्ता नभएमा बाँकी रकम ऋणीको घरघरानाबाट अशुल गरिनेछ।

ट) सामानको वीमा तथा रजिष्ट्रशन पारित गर्न लाग्ने खर्च तथा अन्य आवश्यक खर्चहरु ऋणी आफैले व्यहोर्न पर्नेछ।

(ठ) चार पांग्रे सवारीसाधनका लागि संस्थाले बढीमा रु. १०,००,०००/- सम्म ५ वर्ष भित्र साँवा ब्याज चुक्ता भै सक्ने गरि प्रदान गर्न सकिनेछ| कार्यसमितिले उचित ठानेमा रु. ५,००,०००/- सम्म थप ऋण कार्यसमितिले निर्णय गरि दिन सक्नेछ|

**(च) घरजग्गा ऋण :**

क) यो ऋण संस्थाको ऋण समितिले उचित ठह¥याएमा सदस्यले घर वा जग्गा खरिद गर्न वा घर बनाउन यस्तो ऋण प्रदान गरिनेछ।

ख) यस्तो ऋणको व्याज दर वार्षिक १३% प्रतिशत हुनेछ। सेवा शुल्कको हकमा १.५% प्रतिशत लाग्नेछ।

ग) यस्तो ऋण प्रदान गर्दा अचल सम्पत्तिको फेयर मार्केट रेट रकमको ६०% सम्म मात्र संस्थाले लगानी गर्नेछ| यस्तो ऋण बढीमा रु. १०,००,०००/- सम्म ५ वर्ष भित्र साँवा ब्याज चुक्ता भै सक्ने गरि प्रदान गर्न सकिनेछ| कार्यसमितिले उचित ठानेमा रु. ५,००,०००/- सम्म थप ऋण कार्यसमितिले निर्णय गरि दिन सक्नेछ|

घ) यस्तो ऋणको भुक्तानी अवधि वढिमा ५ बर्ष सम्मको हुनेछ।

ङ) यस्तो ऋण मासिक रुपमा किस्ता वन्दी रुपमा सदस्यहरुले भुक्तानी गर्नु पर्नेछ।

च) ऋणको भुक्तानीको तालिका समितिले तोकिदिएको वमोजिम हुनेछ।

छ) अचल सम्पत्ति मुल्यांकन गर्नको निम्ति संस्थाले मुल्यांकन शुल्क वापत रु. १,५००/- ऋणीसंग लिई मुल्यांकन सेवा दिनेछ|

**(छ) विनियनमा उल्लेखित विभिन्न शिर्षकमा ऋण लगानी गर्ने :**

विनियममा उल्लेखित विभिन्न शिर्षकमा ऋण लगानी गर्ने सम्वन्धमा संस्थाको ऐन तथा विनियम अनुसार हुनेछ।

**(ज) ऋणको व्याज सम्वन्धमा :**

यस संस्थावाट निक्षपमा दिईने व्याज र ऋण लगानीमा प्राप्त गर्ने व्याज समय सापक्ष रुपमा परिवर्तन गर्न आवश्यक देखीएमा ऋण उपसमितिको सिफारिसमा कार्य समितिले साधारण सभामा अनुमोदन गर्ने गरि परिवर्तन गर्न सक्नेछ।